# राइनास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## तीनपिप्ले, लमजुङ
## गण्डकी प्रदेश, नेपाल

Website:www.rainasmun.gov.np

पत्र संख्याः

चलानी नं.:

मितिः२०७९/१०/२४

**बेरोजगार व्यक्तिहरुलाइ न्युनतम रोजगारीमा संलग्न हुन निवेदन दिने जरुरी सुचन**

रोजगारीको हकमा सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकमा सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संशोधन २०७७) को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८०/०८१ मा न्यनतम रोजगारीमा संलग्न चाहने सामाजिक र आर्थिक अवसरबाट वञ्चित विपन्न व्यक्ति वा न्युन आय भएका वा स्वरोजगारमा समेत संलग्न नरहेका, निवेदन दिने अन्तिम मितिसम्म **१८ वर्ष उमेर पुरा भई ५९ वर्ष** नकटेका, सम्बन्धित वडामा स्थायी बसोवास गरेको बेरोजगार व्यक्तिले मिति **२०७९ फागुन १ गते देखि २०७९ फागुन मसान्त सम्म** आवश्यक कागजात सहित बेरोजगारको सूचिमा सुचिकृत हुन निवेदन फारममा माग भएका सम्पुर्ण विवरण भरी आफ्नो स्थायी बसोवास रहेको वडा कार्यलयमा दर्ता गराउनु हुन यो सुचना प्रकाशन गरिएको छ । बेरोजगार दर्ताको लागी दिने निवेदन राइनास नगरपालिकाको वेवसाइट www.rainasmun.gov.np बाट डाउनलोड गर्न वा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

पुनश्चः चालु आ.व २०७९/०८० मा सुचिकृत भएका बेरोजगारहरुले समेत आगामी आ.ब २०८०/०८१ का लागी सुचिकृत हुन तोकिएको निवेदन फारम भरी नविकरण गराउनुपर्ने छ । निवेदन दिने व्यक्तिले फारममा उल्लेखित विवरण पुर्ण रुपमा नभरेको वा तोकिएको कागजातहरु पेश नगरेमा उक्त निवेदनहरु स्वतः रद्द हुने समेत यसै सुचना मार्फत जानकारी गरिन्छ ।

**निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी
२. निवेदकको पासपोर्ट साइजको फोटो
३. निवेदकको एकाघर परिवारका सदस्यहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपी
४. निवेदक अन्यत्रबाट बसाई सराई भइ आएको हकमा बसाई सराई प्रमाण पत्रको प्रतिलिपी
५. निवेदक विवाहित महिला भएको र स्थायी ठेगाना फरक भएमा विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी
६. निवेदकले कुनै शिपमुलक तालिम लिएको भए उक्त तालिमको प्रमाण पत्रको प्रतिलिपी
७. निवेदक वा परिवारमा अपांगता भएका सदस्य भएमा अपांगता परिचय पत्रको प्रतिलिपी
८. निवेदक वैदेशिक रोजगारबाट रोजगार गुमाई फर्किएको वा श्रम स्वीकृत लिई रोजगारी जान नपाएको भएमा उक्त व्यहोरा खुल्ने कागजात (पासपोर्ट वा श्रम स्वीकृतको प्रमाण) आदिको प्रतिलिपी

प्रमुख प्रशासकिय अधिकृत

गोकर्ण राज सुयल

गोकर्ण राज सुयल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११६७७
Email: info@pmep.gov.np
Website: pmep.gov.np

प.स. २०७९/८०
च.नं./PMEP ३२५
श्री रोजगार सेवा केन्द्र, (सबै)

मितिः२०७९/१०/२३

विषयः स्थानीय तहमा बेरोजगार व्यक्तिको सूची दर्ता सम्बन्धी सचार एवम् निवेदन भर्न आवश्यक सहजिकरण गरिदिने सम्बन्धमा ।

प्रधानमन्त्री रोजगार कार्यक्रमले श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी रणनीति, २०७८ मा उल्लेख भएका कार्यनीति र कार्यक्रम सञ्चालनका लागि चालु आर्थिक वर्ष २०७९/०८० को कार्ययोजना तय गरेको व्यहोरा विदितै छ। प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको कार्यान्वयनबाट सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाती, मधेसी, दलित तथा अन्य सिमान्तकृत समुदाय लगायतलाई सामाजिक संरक्षण उपलब्ध गराउने उद्देश्य बमोजिम तहाँ स्थानीय तहमा "न्यूनतम रोजगार, नागरिकको अधिकार" सम्बन्धी सचार अभियान सञ्चालनका लागि देहायका कार्य गर्न निर्णयानुसार निर्देशन दिइएको छः-

अभियान सञ्चालनका लागि गरिनु पर्ने कार्यहरु

१. मा. मन्त्रीस्तरीय मिति २०७८/११/११ को निर्णयबाट स्वीकृत प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची १ मा रहेको बेरोजगार दर्ताका लागि दिने निवेदन फाराम सबै वडा कार्यालयमा माघ महिनाको अन्त्य सम्म पुगेको सुनिश्चित गर्ने ।
२. फागुन महिना भरी बेरोजगार व्यक्तिको सूचीमा सहभागी हुन टोल/वस्तिस्तरमा सामुहिक भेला गरी उत्प्रेरणात्मक कार्य गर्ने।
३. आर्थिक र सामाजिक अवसरबाट वञ्चित बेरोजगार व्यक्तिहरुलाई निवेदन दिन प्रोत्साहन गर्ने एवम् आवश्यकता अनुसार निवेदन गर्न सहयोग उपलब्ध गराउने । यस कार्यमा आवश्यकता अनुसार जनप्रतिनिधि, नागरिक समाजको सहयोग लिने ।
४. फागुन महिनामा सबै वडा कार्यालयमा पुगेर वडा समितिलाई प्राप्त निवेदनको छानबिन तथा सो को प्रक्रियाका सम्बन्धमा अभिमुखिकरण गर्ने ।
५. वडा कार्यालयबाट निवेदन संकलन गरी उक्त निवेदन पुर्ण रहेको सुनिश्चित गर्ने र हाल रोजगारीमा संलग्न भइरहेका बेरोजगार व्यक्तिले प्राप्त गरेको रोजगारी दिन निवेदनमा उल्लेख गराउने वा संशोधन गर्ने ।
६. फागुन महिनामा निर्देशक समितिसंग प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन तथा वास्तविक बेरोजगार व्यक्तिको छनौट र विपन्न लक्षित पूर्वाधार छनौटको सम्बन्धमा छलफल गर्ने ।
७. फागुन र चैत्र महिनामा स्थानीय योजना तर्जुमा प्रक्रियामा विपन्न बेरोजगार व्यक्ति लक्षित सामाजिक र आर्थिक उन्नतीमा सघाउ पुऱ्याउने योजना छनौट गरी आयोजना बैङ्कको निर्माण गर्ने सम्बन्धमा अभिमुखिकरण गर्ने र उक्त आयोजनाको छनौटमा आवश्यक सहजिकरण गर्ने ।
८. बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ ले तोके बमोजिमको प्रक्रिया समेत पुरा गरी चैत्र महिना भित्र रोजगार व्यवस्थापन सूचना प्रणालीमा विवरण प्रविष्ट गरिसक्ने ।
९. बेरोजगार व्यक्ति तथा प्राथमिकताक्रमको सूची सम्बन्धित वडा कार्यालय र रोजगार सेवा केन्द्रको सूचना पाटीमा सार्वजनिक गर्ने ।

अनुसूची १
(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

## बेरोजगार दर्ताका लागि दिने निवेदन

मिति :

श्री .....नं. वडा कार्यालय,

.................... गाउँपालिका/नगरपालिका, जिल्ला.............

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएको र नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहद्वारा संचालित न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन ईच्छुक भएकोले देहाय बमोजिमको विवरण सहित रोजगारी पाउनको लागि अनुरोध गर्दै यो निवेदन पेश गरेको छु।

१. नाम, थर :

२. स्थायी ठेगाना :..............................न.पा./गा.पा. वडा नं.............................

३. अस्थायी ठेगाना : ............................ न.पा./गा.पा. वडा नं..........................

४. नागरिकता नं./राष्ट्रिय परिचयपत्र नं. र जारी भएको जिल्ला ..............................

५. परिवारको सदस्य संख्या र रोजगारीको अवस्था (निवेदक सहित)

| नाम | निवेदकसंगको नाता | जन्म मिति | योग्यता | सीप | रोजगारीको अवस्था | कार्य अनुभव |
|---|---|---|---|---|---|---|
| | (निवेदक) | | | | | |
| | | | | | | |
| | | | | | | |

६. वार्षिक पारिवारिक आय : रु.................... (अक्षरेपी ............................)

७. शैक्षिक योग्यता :

८. आफूले हासिल गरेको सीप/तालीमको विवरण :

९. कामको अनुभव : ...................................................

१०. काम गर्न चाहेको क्षेत्र : ...................... (वन, कृषि, निर्माण, अन्य .......)

११. काममा खटिन चाहेको सम्भावित समय ..................देखि..................... सम्म

१२. काम गर्न चाहेको ठाउँ ....................................................

उपरोक्त बमोजिमको विवरण साँचो हो, झुठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला भनी सहिछाप गर्ने।

निवेदकको सही

मिति :

CamScanner